आज मिति २०७६ साल फाल्गुण १६ गतेका दिन धवलागिरी गाउँपालिका का अध्यक्ष श्री धमसरा पुन ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपसिल बमोजिमको उपस्थितिमा देहायबमोजिमका प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

| हस्ताक्षर | नाम/थर | पद |
| --- | --- | --- |
| | श्री धमसरा पुन | अध्यक्ष - गा.पा. |
| | श्री रेशम छन्त्याल | उपाध्यक्ष - गा.पा. |
| | श्री झक बहादुर छन्त्याल | वडा नं १, वडा अध्यक्ष |
| | श्री राम प्रसाद वि.क. | वडा नं २, वडा अध्यक्ष |
| | श्री पूर्ण पुन | वडा नं ३, " " |
| | श्री वेग प्रसाद घर्ती | वडा नं ४, " " |
| | श्री रुक्मे कुमारी छन्त्याल | वडा नं ५ " " |
| | श्री राजाराम उपाध्याय | वडा नं ६ " " |
| | श्री कलानिधि शर्मा | वडा नं ७ " " |
| | श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| | श्री तिल कुमारी के.सी. | " " |
| | श्री देउ प्रसाद छन्त्याल | " " |
| | श्री बाल कुमारी पुर्जा | " " |
| | श्री धन देवी शर्मा | " " |
| | श्री जितमया घर्ती | " " |
| | श्री गोपाल शर्मा | प्रमुख प्र. अधिकृत |
| | श्री कृष्ण प्रसाद सुवेदी | |

प्रस्तावहरू

१. विषयगत समिति कामकारवाही सम्बन्धमा।
२. सहकारी सम्बन्धमा।
३. सहलगानीका लागि योजना छनौट सम्बन्धमा।
४. धारापानी स्वास्थ्य चौकी निर्माणका लागि जग्गा प्राप्ती सम्बन्धमा।
५. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको बजेट तथा योजना बाँडफाँड सम्बन्धमा।
६. पदेर प्रेस सञ्चालन सम्बन्धमा।
७. निर्माण गरिएका टेन्डर सम्बन्धमा।
८. विविध खर्च अनुमोदन सम्बन्धमा।
९. वडा नं २ को भवनका लागि जग्गा प्राप्ती सम्बन्धमा।

निर्णय नं १- प्रस्ताव नं १ उपर छलफल गर्दा विषयगत समितिको बैठक बसि आ.व. २०७८/७९ का लागि प्रस्तावित नीति तथा कार्यक्रम, योजना तथा बजेट २०७७/१२/२५ गते भित्र कार्यपालिकामा पेश गर्ने तथा विधायन समितिले बैठक बसि धवलागिरी गाउँपालिका निर्मित कानुनहरुको कार्यान्वयनको अवस्था, नयाँ कानुनको आवश्यकता र पहिचान, संशोधन सम्बन्धमा आगामी कार्यपालिकामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं २- प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व. २०७७/७८ को योजना मार्फत सहकारी कोष र कृषि व्यवसाय प्रवर्द्धन कोषको परिचालन तथा व्यवस्थापन कार्यविधि निर्माण गर्न आर्थिक विकास समिति तथा सहकारी समितिको बैठक बसि कार्यपालिकामा प्रस्ताव तथा कार्यविधि पेश गर्ने निर्णय गरियो।

निर्णय नं ३- प्रस्ताव नं ३ उपर छलफल गर्दा संघ, प्रदेश र स्थानीय तहको पारस्परिक र सहकार्यको आधारमा सहलगानीको लागि भौतिक पूर्वाधार निर्माण अन्तर्गत मल्कबाङ-मराङ-मुडी-गुर्जा-लुल्याङ-कुइना-ताकम पक्की रिङ रोड सडक निर्माण परियोजना सञ्चालन गर्न नेपाल सरकारको सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगमा रहेको आयोजना बैंकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ४- प्रस्ताव नं ४ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका वडा नं ६, धारापानीमा स्वास्थ्य चौकी भवन निर्माणका लागि धारापानी गाउँको पूर्व-दक्षिणपट्टी रहेको, पूर्व-बाटो, पश्चिम र उत्तर धारापानी गाउँ, दक्षिणमा उलीय पातल सामुदायिक वन रहेको स्थान जग्गामा निर्माण गर्ने उक्त जग्गा धवलागिरी गाउँपालिकाको नाउँमा नामसारी हुन नहुन्जा अगाडि बनाउने निर्णय गरियो।

धनसरा पुन
गा. पा. अध्यक्ष

निर्णय नं ५- प्रस्ताव नं ५ उपर छलफल गर्दा आ.व. २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित खर्गा हिलापोखरी घट्टेखोला हुँदै खोरबाङ मोटरबाटो सोलिङ तथा तटबन्धन शीर्षक अन्तर्गत रहेको रु. १७८८०००।- लाई तपसिल बमोजिमको शीर्षकमा बाँडफाँड गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाहरु | स्थान | रकम |
|---|---|---|---|
| १. | पधेरोको धारी देखि प्रेम गुरुङको धारसम्मको मोटरबाटो सोलिङ र नाली खन्ने। | खर्गणी | ४ लाख |
| २. | ताकम मा.वि.को शौचालय देखि खत्री वल्ड उद्योग सम्म नाली खन्ने तथा तटबन्धन। | ताकम | ५ लाख ८८ हजार |
| ३. | खर्गा हिलापोखरी घट्टेखोला हुँदै खोरबाङ मोटरबाटो सोलिङ | हिलापोखरी | ८ लाख |

निर्णय नं ६- प्रस्ताव नं ६ माथि छलफल गर्दा राष्ट्रिय तथा स्थानीय महत्वको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने बालिको पकेट क्षेत्र स्थापना गर्नको लागि खोरिया तरकारी तथा जडिबुटी उत्पादन कृषक समूहले आलु खेती र भकारी सहित महिला अन्न बचत तथा कृषि सहकारीले तरकारी खेतीमा प्रस्ताव पेश गरेकोले उक्त प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ७- प्रस्ताव नं ७ उपर छलफल गर्दा म्याग्दी जिल्ला धवलागिरी गाउँपालिका ४ नं वडा कार्यालय भवन निर्माण गर्न खाली रहेको जग्गा उपयुक्त भएकाले ध.गा.पा-४, लुल्लाङ बस्ने हेमन्ता माल्ला श्री प्रेम गौतमको नाउँमा रहेको पूर्व- दिल बहादुर छपाली, पश्चिम फूलमाया पुन, उत्तर नई मन्टो कि.नं. र दक्षिण माथि परेको चौडिल्ला भएको ७/६ कि.नं २७७ क्षेत्रफल ०-७-०-० को जग्गाको चलनचल्तीको रूप रु ४,५०,०००।- अक्षरुपी चार लाख पचास हजार कायम हुने गरी सोही मूल्यमा अधिग्रहण गरी धवलागिरी गाउँपालिकाको नाउँमा नामसारी गर्ने ध.गा.पा ४ नं वडा कार्यालयका वडा अध्यक्ष श्री रामप्रसाद [illegible] लाई अख्तियारी दिइने र खरिद गर्दा राजस्व छुट गर्न सम्बन्धित निकायमा अनुरोध/सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।